# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, असोज २८ गते २०५३ साल ( संख्या २७

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले अध्यागमन नियमावली, २०५१ को नियम ४६ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची ९ र १३ को सट्टा देहायको अनुसूची ९ र अनुसूची १३ राखी हेरफेर गरेको छ ।

अनुसूची ९

(नियम २९ सँग सम्बन्धित)

भिसा दस्तूर

१. नियोग र प्रवेशस्थल स्थित अध्यागमन कार्यालयले पर्यटक भिसा जारी गर्दा लाग्ने दस्तूर :–

(क) एक प्रवेशी (Single Entry):– १५ दिनसम्मको लागि १५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र १५ दिनभन्दा बढी ३० दिनसम्मका लागि २५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(ख) दुई प्रवेशी (Double Entry):– ३० दिनसम्मका लागि ४० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) बहु प्रवेशी (Multiple Entry):– ६० दिनको लागि ६० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

तर यसरी प्राप्त गरेको दुई प्रवेशी र बहु प्रवेशी भिसाको वैधता नेपालमा प्रथम पटक प्रवेश गरेको मितिले क्रमशः ३० दिन र ६० दिन मात्र गणना गरिने छ ।

२. विभागबाट पर्यटक भिसामा पुनः प्रवेशको सुविधा लिनु परेमा लाग्ने दस्तूर :–

(क) एक प्रवेशी (Single Entry) को लागि अमेरिकी डलर २५ बराबरको नेपाली मुद्रा ।

(ख) दुई प्रवेशी (Double Entry) को लागि अमेरिकी डलर ४० बराबरको नेपाली मुद्रा ।

(ग) बहु प्रवेशी (Multiple Entry) को लागि अमेरिकी डलर ६० बराबरको नेपाली मुद्रा ।

३. पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तूर :–

(क) क्रम संख्या १ मा उल्लेखित अवधिपछि म्याद थपको लागि प्रतिदिन १ अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ख) पर्यटक भिसाको म्याद थप नगरी बसेका विदेशीको भिसा नियमित गर्नु परेमा ३० दिनसम्मको अवधिको लागि प्रतिदिन १ अमेरिकी डलर, ३१ दिनदेखि ९० दिनसम्मको अवधिको लागि प्रतिदिन २ अमेरिकी डलर र ९० दिनभन्दा बढी जति सुकै अवधिको लागि प्रतिदिन ५ अमेरिकी डलरका दरले यस नियमावली बमोजिम भिसा म्याद थप गर्दा लाग्ने साधारण दस्तूरमा थप दस्तूर लाग्नेछ ।

४. अध्ययन भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तूर:–

(क) प्रवेशको समयमा ३० दिनको अध्ययन भिसा जारी गर्नु परेमा अमेरिकी डलर २५ वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(ख) अध्ययन भिसा जारी गर्दा वा म्याद थप गर्दा प्रतिमहिना ४० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

५. गैर पर्यटक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तूर:–

(क) प्रवेशको समयमा ३० दिनको गैर पर्यटक भिसा जारी गर्नु परेमा अमेरिकी डलर २५ वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।



६०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नेपाली मूलका विदेशी र नेपाली बाबु वा आमाका विदेशी राहदानी वाहक सन्तानलाई प्रतिमहिना १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा।

(ग) इजाजत प्राप्त पत्रकारहरूलाई प्रतिमहिना १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा।

(घ) श्री ५ को सरकारको कार्यालय वा आयोजनामा प्रत्यक्ष रूपमा संलग्न भई कार्यरत हुने विदेशीहरूलाई प्रतिमहिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा।

(ङ) नेपाली नागरिकसँग विवाह गर्ने विदेशीलाई गैर पर्यटक भिसा जारी गर्दा प्रतिमहिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा।

(च) अन्य विदेशीहरूलाई पहिलो वर्षको लागि प्रतिमहिना ६० अमेरिकी डलर र दोश्रो वर्षदेखि प्रतिमहिना १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा।

(छ) आफ्ना नाता सम्बन्धका व्यक्तिलाई भेट्न आउने तिब्बती मूलका चिनियाँ नागरिकहरूलाई प्रतिमहिना ५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा।

६. व्यावसायिक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तूरः–

(क) प्रवेशको समयमा ३० दिनको व्यावसायिक भिसा जारी गर्नु परेमा अमेरिकी डलर २५ वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा।

(ख) व्यावसायिक भिसा जारी गर्दा वा म्याद थप गर्दा बहु प्रवेशी सुविधासहित वार्षिक ३५० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र ५ वर्षको एकै पटक लिन चाहेमा अमेरिकी डलर १५०० बराबरको नेपाली मुद्रा।

७. अन्तरिम भिसा जारी गर्दा लाग्ने दस्तूरः– ५ अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा।

८. बहु प्रवेशी सुविधासहित आवासीय भिसा जारी गर्दा वा नवीकरण गर्दा लाग्ने दस्तूर–

प्रथम पटक २०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा वार्षिक १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा।

९. व्यावसायिक अध्ययन र गैर पर्यटक भिसाको म्याद थप नगरी बसेका विदेशीको भिसा नियमित गर्दा–

व्यावसायिक, अध्ययन र गैर पर्यटक भिसाको म्याद थप नगरी बसेकाको हकमा ३० दिनसम्मको अवधिको लागि जुन भिसामा बसेको



६०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हो सो भिसा बापत यस नियमावली बमोजिम लाग्ने दस्तूरमा ५० प्रतिशत थप र सो पछिको अवधिको लागि १०० प्रतिशत थप दस्तूर लाग्ने छ।

१० पर्यटक र व्यावसायिक भिसाबाहेक अन्य भिसामा एक प्रवेशी, दुई प्रवेशी, र बहु प्रवेशी सुविधा लिनु परेमा क्रमशः २५, ४० र ६० अमिरिकी डलर बराबरको नेपाली मुद्रा।

११. अन्य दस्तूरः–

(क) प्रवेशस्थलबाट भिसा नलिई प्रवेश गर्ने विदेशीलाई पर्यटक भिसा जारी गर्नु परेमा यस नियमावली बमोजिम लाग्ने दस्तूरमा २५ प्रतिशत थप गरी सो बराबरको नेपाली मुद्रा।

(ख) यात्रा अनुमतिपत्र जारी गर्दा २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा।

(ग) आगमन वा प्रस्थान प्रमाणित गर्दा वा भिसा स्थानान्तरण गर्नु परेमा १ अमेरिकी डलर बराबरको नेपाली मुद्रा।

१२. भिसाको दस्तूरको गणनाः–

पर्यटक भिसाबाहेक अन्य भिसाको दस्तूरको गणना गर्ने प्रयोजनको लागि अवधि गणना गर्दा १५ दिनभन्दा कम अवधिको भिसा भए १५ दिनसम्मको र १५ दिनभन्दा बढी १ महिनाभन्दा कम अवधिको भए १ महिनाको भिसा दस्तूर लाग्ने गरी दस्तूरको गणना गरिने छ।

मुद्रण विभाग, सिंहदरबार

६०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१३

(नियम ४४ (२) सँग सम्बन्धित)

निष्कासन आदेश

श्री... ... ........ वर्ष....... नागरिक......

राहदानी नं......... जारी मिति... ... ... ...

फोटो

तपाईको देहायको काम कुराबाट अध्यागमनसम्बन्धी ऐन, नियम र प्रचलित नेपाल कानूनको उल्लंघन भएकाले अध्यागमन नियमावली, २०५१ को नियम ४४(२) अनुसार तपाईलाई नेपाल अधिराज्यबाट .. ... ... ... देखि .. ... .... सम्म ... ... ... वर्ष पुनः आउन नपाउने गरी निष्कासन गर्ने मिति ...... ... ... ... ...को निर्णयानुसार निष्कासन गरिएकोले सूचना गरिएको छ।

गरेको कामः–

अध्यागमन अधिकृत

आज्ञाले,

पदमप्रसाद पोखरेल

श्री ५ को सरकारको सचिव

६०९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम १० ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची– १ को क्रमसंख्या ४ को राजपत्रांकित तृतीय श्रेणीमा रहने पदहरूमा देहायको पद थप गरेको छ ।

"अडियोलोजिष्ट"

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको सचिव

६१०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकेता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।